असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

## प्रमुख कार्यकारी अधिकृत (Chief Executive Officer-CEO) पदका लागि दरखास्त आह्वान गरिएको सूचना

प्रथमपटक प्रकाशित मिति : २०८३।३।१५

संस्थाको स्वीकृत विनियम २०५० (पुनर्लेखन २०७७) को बुँदा ४० बमोजिम संस्थाको प्रमुख कर्मचारीको रूपमा करार सेवाअन्तर्गत कार्य गर्न देहायको योग्यता पुगेका र शर्त स्वीकार गर्न इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

विज्ञापन नं. ३९-CEO(२०८२/८३)

तपसिल :

१. पद : प्रमुख कार्यकारी अधिकृत (Chief Executive Officer-CEO)

२. प्रमुख कार्यकारी अधिकृतको मुख्य जिम्मेवारी :

- २.१. समग्र संस्थाको प्रशासनिक नेतृत्व,
- २.२. प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन,
- २.३. दूरदृष्टिसहितको व्यवस्थापकिय नेतृत्व,
- २.४. प्रभावकारी मानव संसाधन व्यवस्थापन,
- २.५. समग्र संस्थागत लक्ष्य प्राप्तिमा नेतृत्वदायी भूमिका,
- २.६. कानुनी अनुपालनमा प्रभावकारी नतिजा,
- २.७. प्रभावकारी SWOC विश्लेषण र सोही आधारमा योजना तर्जुमा, कार्यान्वयन र नतिजा प्राप्ति,
- २.८. प्रभावकारी मानव संसाधनमा महत्त्वपूर्ण उत्प्रेरकको भूमिका,
- २.९. संस्थाको तर्फबाट बाह्य क्षेत्रमा प्रभावकारी नेतृत्व र संवाद, आदि ।

३. न्यूनतम् शैक्षिक योग्यता :

मान्यता प्राप्त शिक्षण संस्थाबाट बजारशास्त्र, सामान्य व्यवस्थापन, लेखा, अर्थशास्त्र, सहकारी, वित्तशास्त्र, तथ्याङ्कशास्त्र, जनप्रशासन, कानुनमध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण ।

४. अनुभव र प्राथमिकता :

- ४.१. बैङ्क वा वित्तीय संस्थामा अधिकृत तहको पदमा रही न्यूनतम् ५ वर्ष कार्य अनुभव भएको वा
- ४.२. एक अर्बभन्दा बढीको वासलात भएको सहकारी संस्थाको प्रबन्धक/व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृतको रूपमा न्यूतनम् ५ वर्ष कार्य अनुभव भएको वा
- ४.३. नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको अधिकृत वा सोभन्दा माथिल्लो श्रेणीमा रही न्यूनतम् ५ वर्ष कार्य अनुभव भएको ।

४.४. मान्यताप्राप्त संस्थाबाट चार्टर्ड एकान्उटेन्टको इजाजत प्राप्त गरेको व्यक्तिलाई प्राथमिकता दिइने छ ।

५. उमेर : २०८३ असार मसान्तमा ५५ वर्ष उमेर पूरा नभएको ।

६. उम्मेद्वारीका लागि थप प्रावधान :

६.१. दिवालिया घोषित नभएको,

६.२. भ्रष्टाचार वा जालसाजीजन्य अपराधमा सजाय नपाएको,

६.३. प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि नभएको,

६.४. बैंकिङ कसुरमा सजाय नपाएको, कालोसूचीमा नपरेको,

६.५. कुनै राजनैतिक दलको पदिय जिम्मेवारीमा नरहेको,

६.६. प्रचलित ऐन कानुनले अयोग्य नठहरिएको ।

७. मासिक पारिश्रमिक र सेवा सुविधा :

७.१. मासिक तलब रु.१,५०,००० (एक लाख पचास हजार)

७.२. मासिक भत्ता रु.३०,००० (तिस हजार)

७.३. मासिक आवास सुविधा रु. २०,००० (बिस हजार)

७.४. अन्य सेवा सुविधा संस्थाको सञ्चालक समितिले तोकेबमोजिम

८. सेवाको प्रकृति र अवधि :

८.१. सेवाको प्रकृति करार सेवा रहने छ ।

८.२. करार सेवा अवधि ४ वर्षको हुनेछ ।

९. प्रमुख कार्यकारी अधिकृतको रुपमा नियुक्त व्यक्ति संस्थाको कुनै श्रेणी र पदको कर्मचारीको रुपमा रहने छैनन् ।

१०. प्रमुख कार्यकारी अधिकृतले संस्थाको पूर्णकालीन कर्मचारीको रुपमा समय प्रदान गर्नु पर्नेछ ।

११. आवेदकले दरखास्तसाथ देहायको विवरण खुल्ने कागजात स्वयम् प्रमाणित गरी समावेश गर्नु पर्नेछ :

११.१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

११.२. न्यूनतम् शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),

११.३. सम्बन्धित क्षेत्रमा कार्य गरेको अनुभव स्पष्ट खुल्ने संस्थाबाट प्रमाणित कागजातहरू,

११.४. सम्पर्क विवरण खुल्ने व्यक्तिगत विवरण,

११.५. आवेदनसँग सम्बन्धित अन्य कुनै कागजात भए सोको प्रतिलिपि,

११.६. आवेदन शुल्क बुझाएको भौचर वा नगदी रसिद

१२. संस्थाले आवेदकहरुमध्येबाट निश्चित मापदण्डका आधारमा प्रारम्भिक सूची (Short Listing) गर्न सक्नेछ ।

१३. प्रारम्भिक सूचीमा छनोट भएका आवेदकले संस्थाको भावी ४ वर्षे व्यावसायिक योजना तयार गरी सोको प्रिन्ट कपी र सफ्टकपी संस्थामा पेस गर्नु पर्नेछ । सोका लागि आवश्यक तथ्यांक र विवरण सस्थाको तर्फबाट उपलब्ध गराइने छ ।

१४. छनोट विधि : अन्तर्वार्ता र व्यावसायिक योजनाको प्रस्तुतिकरण मूल्याङ्कन ।

१५. दरखास्त पेस गर्ने अन्तिम मिति : २०८३ असार ३० गते मंगलबार कार्यालय समयसम्म ।

१६. दरखास्त पेस गर्ने विधि :

१६.१. डिजिटल एप्लिकेसन इमेल ठेगाना servicecommission@nmc.coop.np मा समेत दिन सकिने छ ।

१६.२. आवेदकले संस्थाको आधिकारिक वेबसाइट https://nmc.coop.np मा गई Career Section भित्र Apply Online मा Click गरी अनलाइन प्रणालीमार्फत दरखास्त दिन सक्ने छन् ।

१७. दरखास्त दस्तुर :

आवेदकले नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.को बचत.हि.नं.०९९५३०००००५३ (NMC Sewa Aayog) वा तपशिलको बैक खातामा रु १००० रकम दस्तुरबापत रु.१,००० (एक हजार) बुझाएको भौचर वा रसिद पेस गर्नुपर्ने छ ।

Account Name : NEPAL MULTIPURPOSE COOPERATIVE SOCIETY LTD.
Account No. : 09301000000001200115
Bank Name : Prime Commercial Bank Limited

१८. संस्थाले आवश्यकता अनुसार निवेदन प्राप्त नभएको महसुस गरेमा छनोट प्रक्रिया खारेज, स्थगित वा पुनः सूचना आह्वान गर्न सक्नेछ ।

१९. थप जानकारीका लागि सम्पर्क : ९८५२६८९४१६ (मानव संसाधन विभाग)

- **एनएमसी सेवा आयोग**